# रिलायन्स फाइनान्स लिमिटेडको
# दशौं वार्षिक साधारण सभाको
# निर्णय माइन्यूट (विवरण)

यस रिलायन्स फाइनान्स लि.को मिति २०७६/१०/२० गते बसेको संचालक समितिको २४८ औं बैठकको निर्णयानुसार कम्पनी ऐन २०६३ को दफा ६७ बमोजिम संस्थाको दशौं बार्षिक साधारण सभा संचालक समितिका अध्यक्ष श्री कुश प्रसाद मल्लीज्यूको सभापतित्वमा निम्न मिति, समय र स्थानमा बसी देहायका विषयहरु उपर छलफल गरि देहाय बमोजिम निर्णयहरु भयो ।

१. साधारणसभा बसेको मिति समय स्थान :

मिति : २०७६ साल फागुन १६ गते शुक्रबार (तदनुसार 28 February 2020)

स्थान : बानेश्वर बैंक्वेट, थापा गाउँ, बानेश्वर काठमाण्डौ ।

समय : दिनको ११:०० बजे ।

२. सभाको सूचना र वैधानिकता तथा सभापतित्व

कम्पनी ऐन २०६३ को दफा ६७(२) बमोजिम संस्थाको दशौं बार्षिक साधारणसभाको सुचना तथा सभा हुने मिति, समय, स्थान र सभामा छलफल हुने विषयहरु सम्बन्धी सम्पूर्ण प्रस्तावहरु सहितको सूचना, दशौं वार्षिक प्रतिवेदन संस्थाको शेयरधनी दर्ता पुस्तिकामा कायम रहेका शेयरधनीहरुलाई पठाउनुको साथै कारोबार राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक मिति २०७६/१०/२१ तथा राजधानी राष्ट्रिय दैनिक पत्रिकामा दोश्रो पटक मिति २०७६/१० २७ मा सभा हुने स्थान, मिति, समय र छलफल हुने विषयको सूचना पनि शेयरधनी महानुभावहरुमा जानकारीकोलागि प्रकाशित गरिएको र सभाको सभापतित्व गरिदिन सञ्चालक समितिका अध्यक्ष श्री कुश प्रसाद मल्लीज्यूलाई अनुरोध गरिएपछि वहाँले सभाको सभापतित्व गर्नुभयो ।

३. उपस्थिति

(क) सञ्चालक उपस्थिति

| क.सं. | नाम | पद |
|---|---|---|
| १. | श्री कुश प्रसाद मल्ली | अध्यक्ष |
| २. | श्री सुरकृष्ण वैद्य | संचालक |
| ३. | श्री रवि कृष्ण श्रेष्ठ | संचालक |
| ४. | श्री तुलसी प्रसाद बराल | संचालक |

५. श्री उपेन्द्र बहादुर कार्की — संचालक
६. श्री श्वेता कक्षपती (शाक्य) — संचालक

(ख) प्रतिनिधी उपस्थिति

१. श्री महेश्वरेन्द्र बहादुर श्रेष्ठ (एफसिए) — बाह्य लेखा परिक्षक
२. अधिवक्ता श्री डा. गोकुल बुर्लाकोटी — कानूनी सल्लाहाकार
३. अधिवक्ता श्री निर बहादुर पौडेल — कानूनी सल्लाहाकार

(ग) पदाधिकारीहरु उपस्थिति :

| | |
|---|---|
| श्री अनिल श्रेष्ठ | प्रमुख कार्यकारी अधिकृत |
| श्री समाज प्रकाश श्रेष्ठ | उप प्रमुख कार्यकारी अधिकृत |
| श्री युज कुमार भैल | कम्पनी सचिव |
| श्री विष्णुलाल श्रेष्ठ | मुख्य प्रबन्धक |
| श्री ओमकार मणि आचार्य दिक्षित | मुख्य प्रबन्धक |
| श्री केशव प्रसाद खनाल | वरिष्ठ, प्रबन्धक |
| श्री दिक्पाल श्रेष्ठ | प्रबन्धक |
| श्री कौशल्या श्रेष्ठ | नायब प्रबन्धक |
| श्री एलिना श्रेष्ठ | सहायक प्रबन्धक |

(घ) शेयरधनी उपस्थिति

१. शेयरधनी स्वंय उपस्थिति : ३९३ जना, ३९,६३,५५७ कित्ता ।
२. प्रतिनिधिबाट उपस्थिति : २१ जना ४,१३,०७४ कित्ता ।
३. जम्मा उपस्थिति : ४१४ जना, ४३,७६,६३१ कित्ता ।

४. गणपूरक संख्या

कुल जारी शेयर ८३,२४,१६०.६३ कित्ता मध्ये ३९,६३,५५७ कित्ता शेयरको प्रतिनिधित्व गर्दै ३९३ जना शेयरधनीको स्वंय उपस्थिति र प्रोक्सि मार्फत ४१३०७४ कित्ता शेयरको प्रतिनिधित्व गर्दै शेयरधनीहरुको उपस्थिति हुन गई जम्मा ४३,७६,६३१ कित्ता अर्थात जारी शेयरको ५२.५८ प्रतिशत शेयरको उपस्थिति भएको हुँदा कम्पनी ऐन २०६३ को दफा ७३(२) तथा यस संस्थाको नियमावलीको नियम २३ अनुसार साधारण सभाको लागि गणपुरक संख्या पुगेको छ ।

५. सभाको वैधानिकता

कम्पनी ऐन, २०६३ तथा यस वित्तीय संस्थाको नियमावली बमोजिम प्रस्तुत बार्षिक साधारण सभा बोलाइएको र कम्पनी ऐनको दफा ७३ अनुसार साधारण सभाको गणपुरक संख्या पुगेको हुदां बाँडफाँड भएको कुल शेयर संख्याको कम्तीमा ५१ प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व

हुने गरी कुल शेयरधनीहरुमध्ये कम्तीमा ३ जना शेयरधनीको उपस्थिति हुनुपर्ने प्रावधान बमोजिम संस्थाको दशौं वार्षिक साधारण सभामा राखिएको शेयरधनीहरुको हाजिरी पुस्तिकामा हाजिरी जनाउने शेयरधनीको संख्या जारी शेयरको ५२.५८ प्रतिशत शेयरको उपस्थिति भएको हुँदा कम्पनी ऐन २०६३ को दफा ७३(२) तथा यस संस्थाको नियमावलीको नियम २३ अनुसार साधारण सभाकोलागि गणपुरक संख्या पुगेको र प्रचलित कम्पनी कानून अनुसार सभा वैधानिक भएको बैठकमा जानकारी गराइयो र सभा शुरु गरियो ।

६. **छलफलको विषयहरु :**

क) **सामान्य प्रस्तावहरु**

१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत गरिने दशौं बार्षिक प्रतिवेदन पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित आ.ब. २०७५/७६ आषाढ मसान्त सम्मको वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु पारित गर्ने ।

३. कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आ.व.२०७६/७७ को लेखापरीक्षण गर्नका लागि लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने बारे । (वर्तमान लेखापरिक्षक एफ. सि.ए. महेश्वरेन्द्र बहादुर श्रेष्ठ पुन: नियुक्त हुन योग्य हुनु हुन्छ)

४. संस्थाको संचालक समितिबाट सिफारीस भई नेपाल राष्ट्र बैंकबाट स्विकृत गरे बमोजिम आ.ब.२०७५/०७६ मा भएको मुनाफाबाट संस्थाको चुक्ता पूँजी रु.८३,२४,१६,०६३/- को ६.५८ प्रतिशतका दरले रु.५,४७,६४,२१४/६७ नगद लाभांश (कर सहित) शेयरधनीहरुलाई वितरण गर्ने प्रस्ताव पारित गर्ने ।

५. विविध ।

(ख) **विशेष प्रस्तावहरु**

१. यस रिलायन्स फाइनान्स लि.तथा अन्य कुनै बैंक, विकास बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने र गाभिने (मर्जर), प्राप्ती तथा विलय (एक्वीजिसन) गर्न उपयुक्त देखिएमा मर्जर, प्राप्ती वा विलय गर्ने, DDA गर्ने, नियमनकारी निकायबाट आवश्यक स्वीकृति लिन तथा सो सम्बन्धमा सम्पूर्ण काम गर्ने अख्तियारी संचालक समितिलाई प्रदान गर्ने । साथै गाभिने (मर्जर) , प्राप्ती तथा विलय समेतका सम्बन्धमा नियमनकारी निकाय वा अन्य कुनै कार्यालयहरुबाट कुनैपनि विषयमा संशोधन परिमार्जन थपघट वा परिवर्तन गर्न कुनै निर्देशन प्राप्त भएमा सो समेत मिलाई

संशोधन वा परिवर्तन गर्नुपरेमा सो कार्यहरु समेत गर्न संस्थाको संचालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

२. संस्थाको उद्देश्य थप तथा संचालक समितिको बैठक भत्ता बृद्धि गर्ने र सोका लागि संस्थाको प्रबन्धपत्र नियमावली संसोधन गर्ने सम्बन्धमा ।

३. प्रबन्धपत्र नियमावली संशोधनमा नियमनकारी निकाय वा अन्य कुनै कार्यालयहरुबाट कुनैपनि विषयमा संशोधन परिमार्जन थपघट वा परिवर्तन गर्न कुनै निर्देशन प्राप्त भएमा सो समेत मिलाई संशोधन वा परिवर्तन गर्नुपरेमा सो कार्यहरु समेत गर्न संस्थाको संचालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

७. वार्षिक प्रतिबेदनको प्रस्तुति :

सभामा वित्तीय संस्थाका अध्यक्ष तथा सभाका सभापतिज्यूले उपस्थित सबै शेयरधनी महानुभावहरुलाई स्वागत एवं अभिवादन गर्दै पूर्व निर्धारित छलफलको विषय सूची अनुसार आ.व.२०७५/७६ को सञ्चालक समितिको प्रतिवेदन सभामा पढेर सुनाउनु भयो र छलफलका लागि विषय प्रस्तुत गर्दै सभा समक्ष पेश गर्नु भयो ।

८. छलफलको लागि आह्वान तथा सहभागी शेयरधनी महानुभावहरुको नामावली :

वित्तीय संस्थाको आ.व.२०७५/७६ को बार्षिक प्रतिवेदन, अर्थात संस्थाको दशौं साधारण सभाको प्रतिवेदन सहित, २०७६ आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त आ.व.२०७५/७६ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण उपर आ-आफ्नो मन्तव्य प्रकट गर्न र सो सम्बन्धमा कुनै जिज्ञासा तथा सुझाव भए जानकारी गराउन शेयरधनीहरु समक्ष अनुरोध गर्दा निम्न बमोजिमका शेयरधनीहरुले निम्न अनुसारको जिज्ञासा, प्रतिकृया तथा सुझावहरु राख्नु भयो :

१. श्री मेजर कुवेर श्रेष्ठ ।
२. श्री अमृत नाथ रेग्मी ।
३. श्री अमर दास रंजीत ।
४. श्री कृष्ण प्रसाद अधिकारी ।
५. श्री लवराज जोशी ।
६. श्री शिव प्रसाद पौडेल ।
७. श्री नरसिं लाल चखु ।
८. श्री उद्धव प्रसाद घिमिरे ।
९. श्री राम गोपाल महर्जन ।
१०. श्री डम्बर बल्लभ घिमिरे ।

११. श्री रोज कुमार श्रेष्ठ ।
१२. श्री उत्तम पाठक ।

९. **शेयर धनीहरुले सभामा राखेका मुख्य मुख्य जिज्ञासा तथा सुझावहरु (सार संक्षेपमा) :**

**शेयरधनी श्री मेजर कुवेर श्रेष्ठ** : यस रिलायन्स फाइनान्सले लाभाश बढी दिनु पर्ने, संस्थाको रिर्जभ बढाउनु पर्ने । शेयरधनीलाई महत्व दिनुका साथै ६० बर्ष नाघेका शेयरधनीलाई स्वास्थ सुविधाको व्यबस्था गर्नु पर्ने । वित्तीय संस्थाका कर्मचारीहरुले महत्व दिनु पर्ने सेवा सुविधा तथा सुरक्षणको व्यबस्था गरि कर्मचारीलाई स्थायित्व दिनु पर्ने । संचालक समिति र कर्मचारी मिलेर संस्था बलियो बनाउने विषयमा सोच्नु पर्ने । संस्थाको पर्फमेन्स र CSR राम्रो छ । कम्पनी राम्रो होस भन्ने कामना गर्दछु । धन्यबाद

**श्री अमृतनाथ रेग्मी** : संस्था बयस्क भएको छ । संस्था मर्जर गर्दा विचार पुऱ्याउनु पर्ने र आफ्नो ईज्जत र मर्यादा कायम गरि मर्ज गर्नु पर्ने । कम्पनी बलियो बनाउनका लागि जनरल रिर्जब बलियो बनाउनु पर्ने । संस्थाको कर्जा Structure बढाएर लैजानुको साथै संस्थाको बेस रेट कम गरि व्याज आम्दानी बढाएर लानु पर्ने सुझाब राख्नु भयो । संस्थाको प्रगति राम्रो छ मेरो शुभकामना छ । धन्यबाद ।

**शेयरधनी श्री अमिरदास रंजीत** : संस्थाले सर्वप्रथम प्रतिफलमा ध्यान दिनु पर्ने । शेयरमा लगानी गर्दा ध्यान दिनु पर्ने । बोनस बढी दिनु पर्ने । धन्यवाद ।

**शेयरधनी श्री कृष्ण प्रसाद अधिकारी** : कम्पनीले दिएको लाभाँशको लागि धन्यबाद । संस्थाको पर्फमेन्स र CSR राम्रो छ । यस कम्पनीको साधारण सभाको सफलताको कामना गर्दछु , धन्यवाद

**शेयरधनी श्री लवराज जोशी** : संस्थाका नयाँ अध्यक्ष तथा संचालक समितिले संस्थालाई मजबुट तरिकाबाट लान खोजेको छ । संस्थाको शाखा बढाएर कारोबार बृद्धि गर्न खोजेको छ । कम्पनी राम्रो अवस्थामा रहेको छ । यस कम्पनीको उत्तरोउत्तर प्रगति होस भन्ने कामना गर्दछु , धन्यवाद ।

**शेयरधनी श्री महेन्द्र श्रेष्ठ** : फाईनान्स लाई बैंक संग प्रतिस्पर्धा गरि जान गाह्रो छ । नेपाल राष्ट्र बैंकले फाईनान्स लाई काम गर्न थप सुविधा दिनु पर्ने । मर्जरमा नगई संस्था बलियो बनाएर लानु पर्ने । संस्थाको उत्तोरउत्तर प्रगति होस भन्ने कामना गर्दछु , धन्यवाद ।

**शेयरधनी श्री डम्बरु बल्लभ घिमिरे** : संस्थाको संचालक, व्यबस्थापन , कर्मचारीवर्गलाई धन्यवाद दिन चाहन्छु । यो संस्था अत्यन्तै सुरक्षित तरिकाले कुनै दाग खोट नलगाई संचालन

गरेको छ । मर्जर नगई संस्था बलियो बनाउनु पर्ने । यस कम्पनीको साधारण सभाको सफलताको कामना गर्दछु , धन्यवाद ।

**शेयरधनी श्री उद्धब प्रसाद धिमिरे** : कम्पनीको पर्फमेन्स सबै राम्रो छ । लाभांशको लागि धन्यवाद , रिर्जभ सरप्लस बढाउनु पर्ने । यस कम्पनीको साधारण सभाको सफलताको कामना गर्दछु , धन्यवाद ।

**शेयरधनी श्री शिव प्रसाद पौडेल** : कम्पनीले दिएको लाभांशको लागि धन्यबाद, आगामी बर्षमा कति दिने आज खुलाई दिए राम्रो हुने । यस कम्पनीको साधारण सभाको सफलताको कामना गर्दछु , धन्यवाद ।

**शेयरधनी श्री रोज कुमार श्रेष्ठ** : संस्थाले प्रगति गरेको अवस्था रहेको छ । कर्जा र निक्षेप बढेको छ । समयानुकुल संस्थाले लिएको शेयर बिक्री गर्दै जानु पर्ने । धन्यवाद ।

**शेयरधनी श्री नरसिंलाल चखु** : संस्थाले शाखा विस्तार गरेकोमा धन्यवाद , विजनेश प्रोमोसनमा ध्यान दिनु पर्ने । कम्पनीको पूँजीं बढाउदा संस्था राम्रो हुन्छ । CSR राम्रो छ । यस कम्पनीको साधारण सभाको सफलताको कामना गर्दछु , धन्यवाद

**शेयरधनी श्री रामगोपाल महर्जन** : संस्थाले शाखा विस्तार गरेको छ शाखालाई मोनिटरिङ्ग गर्ने व्यबस्था गर्नु पर्ने । समयमा नै साधारण सभा गर्नु पर्ने । धन्यवाद ।

**शेयरधनी श्री उत्तम पाठक** : संस्थाले प्रत्येक बर्ष शेयरधनीलाई लाभाँश दिनु पर्ने । राम्रो संस्था भएमा मर्जमा गए पनि हुन्छ र अर्को संस्थाले पनि एक्वायर गरे पनि हुन्छ । पाँच बर्ष पुरानो लाँभाश लिन आउन सुचना गर्नुहोस । लाभाश दिएकोमा धन्यवाद । यस कम्पनीको साधारण सभाको सफलताको कामना गर्दछु , धन्यवाद ।

१०. **जिज्ञासा तथा सुझावहरु उपर जवाफ :**

मुख्य मुख्य जवाफ प्रमुख कार्यकारी अधिकृत श्री अनिल श्रेष्ठज्यूबाट प्रस्तुत भयो जो निम्नानुसार छन् :

शेयरधनीहरुले राख्नुभएको जिज्ञासा, सल्लाह तथा सुझावहरु आगामी दिनका लागि मार्गदर्शन हुनेछ । आगामी दिनमा यहाँहरुको सुझाब अनुसार गर्ने प्रतिवद्धता व्यक्त गर्न चाहन्छु । आजको मुख्य मुख्य जिज्ञासाको जवाफ दिन चाहन्छु ।

सबैले मर्जरको प्रश्न गरेको हुँदा हामी सदैब मर्जरको विषयमा चनाखो भई लाग्ने व्यहोरा अनुरोध छ । मर्जर गर्दा स्वाप रेसियो, कर्मचारीको मिलान लगायत अन्य कुराहरु मा विचार गरिने छ , जस्ले गर्दा मर्जर सफलतापूर्वक अगाडी बढोस र मर्जर पश्चात संस्था सहजताका

साथ संचालन होस । यस संस्थाको क्यापिटल फण्ड झण्डै १ अर्बको हाराहारीमा रहेको हुँदा संस्था आफैमा Sustainable छ । आगामी बर्षमा राम्रो अंकमा लाँभाश प्रदान गर्ने प्रतिबद्धता व्यक्त गर्दछौं ।

कर्मचारी सेवा सुविधा सम्बन्धमा नयाँ संचालक समितिले अहिलेको प्रतिस्पर्धा अनुसार सेवा सुविधा प्रदान गर्नेमा विश्वस्त हुन आग्रह गर्दछु । साथै यस संस्था दश बर्ष पार गरेको छ यस समयमा सहयोग गर्ने सबै शेयधनी, कर्मचारीवर्ग, संचालक बर्ग, निबर्तमान संचालकज्यूहरुलाई धन्यवाद दिन चाहन्छु । साथै तहाँबाट भएको सुझाबहरु अनुसार सुधार गर्दै जानुका साथै संस्थालाई आगामी दिनमा गुण र दोषका आधारमा Analysis गरि प्रतिस्पर्धी बनाई प्रतिफल दिन प्रतिवद्धता जाहेर गर्दछु ।

११. सम्मान कार्यक्रम :

साधारण सभामा संस्थाका निर्वतमान अध्यक्ष श्री धर्मेन्द्र काजी श्रेष्ठ र निर्वतमान संचालकहरु श्री राजिव विक्रम शाह, श्री विष्णुमान जोशी, श्री वसन्त बहादुर शाक्य, श्री कविन्द्र श्रेष्ठ, श्री दिपक कुमार आचार्य, श्री शंकर राज गौतम र श्री कुशल मल्लीलाई संस्थाको तर्फबाट अध्यक्षज्यूले सम्मान गरिएको थियो ।

१२. छलफलका विषय र आठौं र नवौं वार्षिक साधारणसभाबाट सर्वसम्मतिबाट पारित भएका निर्णयहरु

क) सामान्य प्रस्तावहरु

१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूद्धारा प्रस्तुत गरिने दशौं बार्षिक प्रतिवेदन पारित गर्ने निर्णय गरियो ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित आ.ब.२०७५/७६ आषाढ मसान्त सम्मको वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु पारित गर्ने निर्णय गरियो ।

३. कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आ.व.२०७६/७७ को लेखापरीक्षण गर्नका लागि लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने बारे छलफल हुँदा लेखापरीक्षण समितिको सिफारीस बमोजिम लेखापरिक्षक एफ.सि.ए. महेश्वरेन्द्र बहादुर श्रेष्ठ (एम.वि. श्रेष्ठ एण्ड कम्पनी) लाई आगामी आर्थिक वर्ष २०७६/०७७ को हिसाब किताब लेखापरिक्षण कार्य गर्नका लागि बाह्य लेखापरिक्षक (Statutory Auditor) नियुक्ति गर्ने तथा निजको पारिश्रमिक भ्याट बाहेक रु.३,००,०००/- (अक्षरेपी तीन लाख मात्र) दिने गरेको प्रस्ताव सभाले सर्वसम्मतिबाट पारित गर्ने निर्णय गरियो ।

४. संस्थाको संचालक समितिबाट सिफारीस भई नेपाल राष्ट्र बैंकबाट स्विकृत गरे बमोजिम आ.ब. २०७५/०७६ मा भएको मुनाफाबाट संस्थाको चुक्ता पूँजी रु.८३,२४,१६,०६३/- को

६.५८ प्रतिशतका दरले रु.५,४७,६४,२१४।६७ नगद लाभाँश (कर सहित) शेयरधनीहरुलाई वितरण गर्ने प्रस्ताव पारित गर्ने निर्णय गरियो ।

(ख) विशेष प्रस्तावहरु

१. यस रिलायन्स फाइनान्स लि.तथा अन्य कुनै बैंक, विकास बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने र गाभिने (मर्जर), प्राप्ती तथा विलय (एक्वीजिसन) गर्न उपयुक्त देखिएमा मर्जर, प्राप्ती वा विलय गर्ने, DDA गर्ने, नियमनकारी निकायबाट आवश्यक स्वीकृति लिन तथा सो सम्वन्धमा सम्पूर्ण काम गर्ने अख्तियारी संचालक समितिलाई प्रदान गर्ने । साथै गाभिने (मर्जर) , प्राप्ती तथा विलय समेतका सम्बन्धमा नियमनकारी निकाय वा अन्य कुनै कार्यालयहरुबाट कुनैपनि विषयमा संशोधन परिमार्जन थपघट वा परिवर्तन गर्न कुनै निर्देशन प्राप्त भएमा सो समेत मिलाई संशोधन वा परिवर्तन गर्नुपरेमा सो कार्यहरु समेत गर्न संस्थाको संचालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने सम्बन्धी प्रस्ताब सभाले सर्वसम्मतिबाट पारित गर्ने निर्णय गऱ्यो ।

२. संस्थाको उद्देश्य थप तथा संचालक समितिको बैठक भत्ता बृद्धि गर्ने र सोका लागि संस्थाको निम्न बमोजिमको प्रबन्धपत्र नियमावली संसोधन गर्ने सम्बन्धी प्रस्ताब सभाले सर्वसम्मतिबाट पारित गर्ने निर्णय गऱ्यो ।

**प्रबन्धपत्रमा संसोधन ।**

| साविक व्यवस्था र दफा | हाल गर्नुपर्ने संशोधन र दफा | संशोधन गर्नुपर्ने कारण र औचित्य |
|---|---|---|
| छ.इ नभएको । | छ.इ : संस्थाका सेवाग्राहीहरुको सुविधाको लागि सि आस्बा (C-ASBA) तथा समय समयमा नेपाल धितोपत्र बोर्डले प्रदान गर्ने सुविधाहरु प्रदान गर्ने । | संस्थाका ग्राहहरुलाई सुविधा प्रदान गर्ने सिलसिलामा नेपाल धितोपत्र बोर्डको निर्देशन बमोजिम समय समयमा यस संस्थाले गर्न मिल्ने भनि दिएको कार्य नियामक निकाय तथा बोर्डको स्विकृती लिई कार्य गर्ने प्रयोजनको लागि । |

**नियमावलीमा संसोधन**

| साविक व्यवस्था र दफा | हाल गर्नुपर्ने संशोधन र दफा | संशोधन गर्नुपर्ने कारण र औचित्य |
|---|---|---|
| संचालकको पारिश्रमिक भत्ता र सुविधा सम्बन्धि व्यवस्था : ३२(१)(ख) संचालक समितिको बैठमा उपस्थित भए बापत अध्यक्षले रु.५५००।- र अन्य संचालकले पाउने प्रति बैठक भत्ता रु.५०००।- हुनेछ । | संचालकको पारिश्रमिक भत्ता र सुविधा सम्वन्धि व्यवस्था : ३२(१)(ख) संचालक समितिको बैठमा उपस्थित भए वापत अध्यक्षले रु.१२,०००।- र अन्य सचालकले पाउने प्रति बैठक भत्ता रु.१०,०००।- हुनेछ । | समय सापेक्ष संचालकहरुको जिम्मेवारी अनुसार भत्ता बृद्धि गर्न आबश्यक भएकोले । |

३. प्रबन्धपत्र नियमावली संशोधनमा नियमनकारी निकाय वा अन्य कुनै कार्यालयहरुबाट कुनैपनि विषयमा संशोधन परिमार्जन थपघट वा परिवर्तन गर्न कुनै निर्देशन प्राप्त भएमा सो समेत मिलाई संशोधन वा परिवर्तन गर्नुपरेमा सो कार्यहरु समेत गर्न संस्थाको संचालक समितिलाई पूर्ण अख्तियारी प्रदान सम्बन्धी प्रस्ताव सभाले सर्वसम्मतिबाट पारित गर्ने निर्णय गऱ्यो ।

४. विविध विषयमा कुनै पनि प्रस्ताव नभएको जानकारी सभामा गराइयो ।

## १३. सभा विषर्जन

कार्यक्रमको अन्त्यमा सभापतिज्यूले साधारणसभा सफलतापूर्वक संचालन एवम् सम्पन्न गर्न आफ्नो अमूल्य समय दिई उपस्थित हुनु भएकोमा सम्पूर्ण शेयरधनीहरु तथा अन्य उपस्थित महानुभावहरु सबैलाई धन्यवाद दिंदै सभापतिले सभा विसर्जन भएको घोषणा गर्नु भयो र सभा विसर्जन भयो ।

..................................
युज कुमार भैल
कम्पनी सचिव

..................................
कुश प्रसाद मल्ली
अध्यक्ष